भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

फोन नं.:०६५-५७२४३६
इमेल: bhimadmunicipality@gmail.com

भिमाद नगरपालिका नगर कार्यपालिका कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

प.सं. ०७६/०७७
च.नं. ९६९

मिति: २०७६/०९/१७

विषयः म्याद थपको सूचना सम्बन्धमा ।

श्री यो जो जससंग सम्वन्ध छ ।

आ.व.०७६/७७ मा प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेश र भिमाद नगरपालिकाद्धारा भिमाद नगरपालिका वडा नं. ९ मा संचालन गरिने चिहानडाँडा मोहोरिया सिद्दगुफा सडक निर्माण कार्यको लागि भिमाद नगरपालिकावाट मिति २०७६/०८/१७ गते E-Bidding मार्फत वोलपत्र आव्हान भएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाण्डौको मिति २०७६/०९/१५ गते प्रकाशित अत्यन्त जरुरी सूचना अनुसार मिति २०७६/०९/१५ भन्दा अगाडी वोलपत्र खोली मुल्यांकनको क्रममा रहेका वोलपत्रहरु वाहेकको हकमा मिति २०७६/०९/१५ गतेदेखि ५ दिन म्याद थप गरिएको भनी आएकोले उक्त सडक निर्माण कार्यको लागि वोलपत्र पेश गर्ने अन्तिम मिति २०७६/०९/२० गतेसम्म म्याद थप भएकोले सोही अनुसार वोलपत्रका लागि आवश्यक सम्पूर्ण कागजातमा म्याद थप गरी पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(थमन सिंह थापा)
प्रमुख प्रशासकीय अधिकृत

थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाण्डौ

## सम्पूर्ण सार्वजनिक निकाय र बोलपत्रदाताहरुको लागि अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०७६।०९।१५ गते

सार्वजनिक खरिद नियमावली, २०६४ को नवौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई सोको सूचना मिति २०७६।०९।१४ गतेको नेपाल राजपत्रमा प्रकाशित भइसकेको छ। नियमावलीको नयाँ प्रावधान बमोजिम बोलपत्र सम्वन्धी नमूना कागजात (SBD) हरु परिमार्जन गरी सो अनुरुपको प्रावधानहरु विद्युतीय खरिद प्रणाली (e-GP System) मा समेत लागु गर्न यस कार्यालयबाट तिब्र रुपमा कार्य भैरहेको जानकारी गराइएको छ।

मिति २०७६।०९।१५ भन्दा अगाडि बोलपत्र खोली मूल्याङ्कनको क्रममा रहेका बोलपत्रहरु बाहेकको हकमा यस कार्यालयबाट मिति २०७६।०९।१५ देखि ५ दिन सम्मको म्याद थप गरिएको र सोभन्दा बढी म्याद थपको आवश्यकता भएमा सम्वन्धित सार्वजनिक निकायहरुबाटै आवश्यकता अनुसार बोलपत्र कागजातमा संशोधन र म्याद थप समेत प्रदान गर्नुहुन यसै सूचनाबाट सम्वन्धित सबैमा जानकारी गराइएको छ।